
# लालीगुराँस नगरपालिका, तेह्रथुमको

## आर्थिक वर्ष २०८३/ ०८४ को

# नीति तथा कार्यक्रम



# लालीगुराँस नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, तेह्रथुम

## लालीगुराँस नगरपालिकाको आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०८३।०८४ मा अख्तियार गरिएका नीति तथा कार्यक्रमहरुलाई नै थप परिष्कृत गरी आर्थिक वर्ष २०८४।०८४ का लागि लालीगुराँस नगरपालिका क्षेत्रभित्र विषयक्षेत्रगतरुपमा देहायमा उल्लिखित नीति तथा कार्यक्रमहरु अख्तियार गरिनेछ।

### (क)आर्थिक विकास क्षेत्र

#### कृषि र पशुपंछी विकास:

१. नगर क्षेत्रभित्रका कृषकलाई क्रमशः रैथाने एवम् अर्गानिक कृषि उत्पादनका लागि अभिप्रेरित गर्न **"नगरको खुशी, रैथाने कृषि"** नामक अभियानलाई निरन्तरता दिइनेछ।

२. अर्गानिक तथा रैथाने अन्नबाली र तरकारीबालीको खेती विस्तार गर्न कृषकलाई आवश्यक तालिम,अभिमुखीकरण, प्रोत्साहन, सम्मानको कार्यक्रम एवम् कृषि मेला तथा कृषि दिवस समेत आयोजना गरिनेछ। नगरपालिकाभित्रका कृषको अर्गानिक एवम् रैथाने कृषि उत्पादनको लागि निश्चित मापदण्डको परिधिमा रही न्यूनतम समर्थम मूल्य उपलब्ध गराइनेछ।

३. रैथाने एवम् स्थानीय पशुपन्छी (गाई,गोरु,भैंसी,बाख्रा,कुखुरा,सुँगुर आदि) पालनलाई व्यवसायिक बनाउने उद्देश्यले कृषकलाई तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गर्दै अनुदान प्रोत्साहन कार्यक्रम गरिनेछ।दुग्धजन्य उत्पादनको बजार सुनिश्चित गर्नका लागि खोरेत रोगमुक्त नगरपालिका घोषणा गर्नका लागि प्रदेश र संघ सरकारसँग समन्वय गरी अभियानकै रुपमा खोप कार्यक्रम सञ्चालन गरिनेछ।

४. नगरपालिकालाई क्रमशः रसायनिक मल तथा विषादीमुक्त स्थानीय तहका रूपमा विकास गर्ने लक्ष्यअनुसार जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्ने साना तथा मझौला कारखाना स्थापना तथा स्तरोन्ती गर्न एवम् जैविक विषादी प्रयोगका लागि कृषक समूह, सहकारी तथा सामुदायिक संस्थालाई अनुदान उपलब्ध गराइनेछ।कृषि उपजको अर्गानिकस्तर परीक्षण र प्रमाणीकरण कार्यक्रम सञ्चालन गरिनेछ। टोल टोलमा कृषक सहजकर्ता खटाई माटोको गुणस्तर परीक्षण गरी कम्तीमा १५०० कृषक घरपरिवारलाई माटो सुधारका लागि आवश्यक सामग्री उपलब्ध गराईनेछ।

५. वातावरणमैत्री कृषि प्रणाली विकासका लागि प्लाष्टिक घर, थोपा सिंचाइ तथा प्लाष्टिक पोखरी निर्माणमा अनुदान उपलब्ध गराइनेछ। सुख्खाग्रस्त क्षेत्रमा सिंचाइ सुविधा विस्तार गर्दै ४० वटा प्लाष्टिक पोखरी निर्माण गरिनेछ। साथै भकारो तथा मलखाडी सुधार कार्यक्रममार्फत जैविक मल उत्पादनलाई प्रवर्द्धन गरिनेछ।

६. रैथाने तथा प्राङ्गारिक कृषि उपजको बजारीकरणका लागि बसन्तपुर बजारको मिनि मार्केटलाई अर्गानिक, रैथाने र स्थानीय कृषि एवम् घरेलु उत्पादनको खरिद-बिक्री केन्द्रको रुपमा स्थापित गरिनेछ। सूचना प्रविधिको प्रयोगमार्फत कृषि उपजको प्रचारप्रसार तथा बजार पहुँच विस्तार गर्दै कृषि एम्बुलेन्स सेवा मार्फत बाह्य बजारसँगको आबद्धतालाई मजबुत बनाइनेछ ।साथै नगरपालिका क्षेत्र र आसपासका कृषिकाका कृषि उपजको मध्यमकालीन सुरक्षित भण्डारणको लागि शीत भण्डार निर्माण कार्य यथाशीघ्र प्रारम्भ गरिनेछ।

७. नगरपालिका क्षेत्रभित्र पत्रु खाना (Junk Food) को उपभोगलाई क्रमशः विस्थापित गर्ने उद्देश्यले नगरपालिका तथा वडाको आर्थिक व्यवस्थापनमा आयोजना हुने विभिन्न सांस्कृतिक कार्यक्रम एवम् उत्सवहरुमा आयातित र पत्रु खाद्यन्नको उपयोगलाई निषेध गर्दै विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमको माध्यमबाट समेत रैथाने तथा पोषणयुक्त बाली (कोदो, मकै, फापर, जुनेलो, भटमास आदि) को उत्पादन, उपभोग तथा विस्तार गरी स्थानीय खाद्य

सुरक्षा सुनिश्चित गरिनेछ। पत्रु खानाले निम्त्याउने स्वास्थ्य संकट र स्थानीय पोषणयुक्त खाद्यन्नको लाभको सम्बन्धमा आवश्यक जनचेतनाको कार्यक्रम समेत सञ्चालन गरिनेछ।

८. बाली सुरक्षाको बाँदर आतङ्क नियन्त्रणः राष्ट्रिय समस्याकै रुपमा रहेको बाँदर आतंकलाई संबोधन गर्नका लागि पशुका सार्वभौम अधिकारलाई समेत मध्यनजर गर्दै कानूनी मार्गदर्शन तय गरिनेछ र नगरपालिका क्षेत्रभित्र भूगोल सुहाउँदो फलफूलका विरुवा रोप्ने, बाँदरलाई मन नपर्ने कृषि बाली खेती गर्ने, बाँदर हेरालु राख्ने लगायतका बाँदर भगाउन अन्य परम्परागत एवम् आधुनिक उपायहरु अबलम्बन गरी सम्बन्धित अन्य निकायहरुको समन्वय समेतमा एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।

## उद्यम, सहकारी र आन्तरिक आय अभिवृद्धिः

९. सामुदायिक वनमा रैथाने प्रजातिका सिस्नो, निगुरो, तामा, सिमसाग, गँदें, टिमुर, खानाक्पा जस्ता साग/सब्जी, जडिबुटी उत्पादन एवम् कालिज, स्थानीय प्रजातिका कुखुरा लगायतका पन्छी पालन जस्ता उद्यमशील कार्यमा वस्तुगत एवम् पुँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। सामुदायिक वन क्षेत्रभित्रका रुखविरुवाका पातितिङ्गर प्रयोग गरी स्थानीयस्तरमा प्राङ्गारिक मल मल कारखाना स्थापना गर्ने कार्यमा सामुदायिक वन उपभोक्ता समुहलाई परिचालित गरिनेछ।

१०. नगरपालिका क्षेत्रभित्र रहेका पिउने पानीका मुहानहरुको संरक्षण, सम्वर्द्धन र उपयोगका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ। नगरपालिका र नगरबासीको आम्दानी समेत अभिवृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२।०८३ मा नै सम्भाव्यता अध्ययन गरिएको तीनजुरे क्षेत्रबाट उत्पत्ति हुने जरुवा पानीलाई तराई/मधेशका बजारमा लगी बिक्री वितरण गर्न **तीनजुरेको पानी, हाम्रो आम्दानी** नामक स्प्रिङ वाटर उद्योग परियोजना सञ्चालनमा ल्याइनेछ। परियोजना निर्माणका लागि नगर विकास कोषबाट उपलब्ध हुने ऋण तथा अनुदानमा नगरपालिकाबाट समेत साझेदारी गरिनेछ।

११. नगरपालिका क्षेत्रभित्रका सहकारी संघ/संस्था, उद्योग/बाणिज्य संघ, होटल तथा होमस्टे सञ्चालक लगायत निजी तथा गैरसरकारी निकायमा आवद्ध पदाधिकारीहरुलाई व्यवसायिक आचरणसँग सम्बन्धित विषय र विद्यमान पद्धतिप्रति अभ्यस्त गराउन सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ। **"मैले तिर्ने कर, नगरपालिकाको भर"** अभियानलाई निरन्तरता दिईनेछ । यो अभियानप्रति आम नगरबासी करदाता र उद्योग, व्यवसायीलाई समाहित गर्न नगरपालिकाले निर्धारण गर्ने करको क्षेत्र, दर, दायरा लगायतका अधिकाँश विषयवस्तुलाई समावेश गरी करदातामैत्री शिक्षा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

१२. बसन्तपुर बजारमा नवनिर्मित मिनि मार्केटको भवनलाई स्थानीय उद्यमी व्यवसायीहरुका लागि गरी खाने स्थलको रुपमा विकास गर्दै उक्त भवनलाई नगरपालिकाको आन्तरिक आय अभिवृद्धिमा समेत उपयोग गरिनेछ।

१३. वडा एवम् समग्र नगरपालिका तहबाट सबैभन्दा बढी कर तिर्ने संस्थागत, व्यक्तिगत लगायत विभिन्न विधागत करदाताहरुको पहिचान गरी त्यस्ता करदाताहरुको सम्मानका लागि वडा एवम् नगर कार्यपालिकाको कार्यालयको राजस्व संकलन गर्ने काउण्टरमानै सबैभन्दा बढी कर तिर्ने करदाता भनी **फोटो टाँस समेत गरी सम्मान गर्ने** व्यवस्थालाई संस्थागत गरिनेछ। आ.व. २०८३/०८४ बाट स्थायी लेखा नम्बर (PAN) वितरण सम्बन्धी सेवालाई थप ब्यवस्थित बनाईनेछ ।

१४.विगतदेखि नै दर्तामा रहेका तर कुनैपनि कारोबार नगरी निष्कृय रहेका एवम् उद्देश्य विपरीत कार्य गरी रहेका नगर क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई नियमन गरी त्यस्ता सहकारी संस्थाहरुको दर्ता खारेज गर्ने सम्मको उपयुक्त व्यवस्था अवलम्बन गरिनेछ।

१५.प्लाष्टिकजन्य सामाग्रीहरुलाई क्रमशः विस्थापित गर्ने लक्ष्यकासाथ स्थानीयस्तरमा पाइने काठ, बाँस, पर्याङबाट फर्निचर तथा हस्तकलाजन्य सामाग्रीहरु उत्पादन गरी लालीगुराँस नगरपालिकाको पहिचान अभिवृद्धि गर्न स्थानीय युवाहरुलाई लक्षित गरी सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ र त्यसरी तालिम लिएका युवाहरुलाई लघु उद्यममा आवद्ध गर्दै लगिनेछ। नगरपालिकाबाट आयोजना हुने औपचारिक एवम् अनौपचारिका कार्यक्रममा प्रयोग हुने उपहार एवम् स्वागत सामग्रीको रुपमा त्यस्ता सामग्रीको प्रयोग गरिनेछ।

## पर्यटन

१६.प्राकृतिक एवम् ग्रामीण साँस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहेको लालीगुराँस नगरपालिकाको पर्यटन प्रवर्द्वन गर्न **"संस्कृति र प्रकृति, हाम्रो सम्पत्ति"** नामक अभियानलाई निरन्तरता दिइनेछ।

१७.लिम्बु समुदायको सभ्यता र संस्कृतिलाई उजागर गर्दै त्यस्तो सभ्यता र संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्ने गरी नगरपालिकाले स्थापना गरेको चो?लुङ पार्कको लुङदुम प?वा सिङदुम प?वा देवस्थलमा देवारी साम्बाद्वारा मुन्धुमी सभ्यतामा व्यवस्था भए अनुसारका परम्परा र संस्कृति प्रस्फुटन हुने चो?लुङ चाङ्बा/सामलिङ्बा/आयु थप्ने/मनोकामना पुरा हुने संस्कारहरुलाई साँस्कृतिक रुपमा संस्थागत गर्दै धार्मिक एवम् साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न पुजाआजा गर्ने व्यवस्था मिलाइनेछ।

१८.विभिन्न जातजातिको मौलिक संस्कार संस्कृति झल्किने सांस्कृतिक प्रस्तुतिका कार्यक्रमहरु आयोजना हुने गरी निर्माणाधीन युमा थिएटरलाई चौबिसै घण्टा सञ्चालन गरिने व्यवस्था मिलाइनेछ।

१९.उच्च हिमाली क्षेत्रमा पाइने सबै प्रजातिका गुराँस एवम् अन्य पर्यटकीय दृष्टिले महत्वपूर्ण रुख/विरुवाहरु चो?लुङ पार्क परिसरमा रोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।साथै पार्कको चिडियाघरमा थप प्रजातिका जीवजन्तु विस्तार गर्ने कार्यलाई समेत निरन्तरता दिइनेछ।

२०.ऐतिहासिक एवम् सांस्कृति दस्ताबेज तथा सामग्रीहरु थप गरी आगामी आर्थिक वर्षदेखि सिरिजंगा पाण्डुलिपि विज्ञानालय सञ्चालनमा ल्याइनेछ।

२१.सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै पाथीभरादेवीको मन्दिर एवम् मनकामना मन्दिर व्यवस्थापन र सञ्चालनमा धर्मदेवी नगरपालिका र लालीगुराँस नगरपालिकाको संयुक्त व्यवस्थापनमा सञ्चालन गर्न स्थानीय कानून तर्जुमा गरिनेछ।पाथीभरादेवी मन्दिरलाई धार्मिक पर्यटनको उत्कृष्ट स्थलको रुपमा विकास गर्न पाथीभरा महोत्सवको आयोजना गरिनेछ।

२२.नगर क्षेत्रभित्र महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा रहेका चो?लुङ पार्क तथा युमा संग्रहालय, तीनजुरे मिल्के जलजले क्षेत्र, मकालु पार्क, पात्लेपोखरी, मार्गापोखरी, तीनछाँगे झरना, अखै गुफा, आर.आर. गार्डेन, पाँचपोखरी लगायतका नगर क्षेत्रभित्र भएका सम्पूर्ण पर्यटकीय स्थलहरुको सामयिक सुधार गर्दै ती पर्यटकीय क्षेत्रहरुको विवरण सहितको विशेषताहरु झल्कने किसिमको स्थानीय पर्यटन पुस्तिका तर्जुमा गरी प्रकाशित गरिनेछ। उक्त पुस्तिकामा उल्लेख भए बमोजिमका सबै विवरणहरुलाई अडियो र भिडियो मार्फत् समेत सार्वजनिक गरी नगरपालिकाको वेभसाइट र फेसबुक पेज मार्फत् समेत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

२३. पर्यटकहरुको बढ्दो आवागमनलाई मध्यनजर गर्दै गुस्तरीय पर्यटन सेवा प्रदान गर्नका लागि नगरपालिका क्षेत्रका होटको अनुगमन एवम् नियमन गर्दै होमस्टेको क्षमता एवम् गुणस्तर अभिवृद्धि गरिनेछ र नगरपालिका क्षेत्रभित्रका पर्यटक पुग्ने सबै घरधुरीमा एउटा पाहुना कोठाको व्यवस्थापन गर्न **एक घर, एक पाहुना कोठा** निर्माण अभियान सञ्चालनमा ल्याइनेछ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

२४. शिक्षक र विद्यार्थी संख्याबीचको अनुपात न्यून भएका विद्यालयलाई मर्जरमा लगी पर्याप्त र दक्ष शिक्षक, भौतिक एवम् शैक्षिक सामग्री प्रबन्ध गरी गुणस्तरीय सामुदायिक शिक्षा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। साथै नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुमा  गायन, नृत्य, सङ्गित, खेलकूद आदि लगायतका अतिरिक्त सिकाइ एवम् प्रतिभा विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२५.श्री बसन्त मा.वि. र श्री रत्न मा.वि.मा रहेका छात्रावासलाई व्यवस्थित तथा सुविधासम्पन्न बनाइनेछ। साथै भौगोलिक रुपमा टाढा रहेका विद्यार्थीहरुलाई विद्यालयसम्म आवातजावत गर्न सहजीकरणको लागि आर्थिक वर्ष २०८३/०८४ देखि बसन्त मा.वि. मा स्कुल बस सञ्चालन गरिनेछ।

२६.नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा सबैभन्दा उत्कृष्ट विषयगत नतिजा हाँसिल गराउन सक्षम एक/एकजना शिक्षक (महिला र पुरुष) लाई **नगद रकम र सम्मान-पत्र**ले पुरस्कृत गरिनेछ।

२७.नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी एवम् विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई वर्तमान व्यवस्थाले गरेको सार्वजनिक खरिद र जिन्सी व्यवस्थापनका सम्बन्धमा पर्याप्त मात्रामा तालिम तथा प्रशिक्षण नभएका कारण प्रत्येक आर्थिक वर्ष बेरुजुको मात्रा वृद्धि भइरहेकोमा त्यस्तो अवस्थाको न्युनीकरणका लागि सम्बन्धित शिक्षक तथा कर्मचारी लक्षित **सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन सम्बन्धी तालिम** कार्यक्रमको आयोजना गर्ने व्यवस्था मिलाइनेछ।

२८.नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भनी नेपालको संविधानमा व्यवस्था भएकोमा लिम्बु भाषा र लिपी संरक्षण गर्न **सामुदायिक विद्यालयमा आनिपान लगायतका अन्य स्थानीय भाषाको पठनपाठन** गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२९.नगरपालिका क्षेत्रभित्रको इतिहास, संस्कृति तथा प्रकृतिका महत्वपूर्ण विषयवस्तुहरुलाई समावेश गरी **स्थानीय पाठ्यक्रम**को तर्जुमा गरी आधारतभूत तहका विद्यार्थीहरुलाई व्यवहारिक (Grounded) सिकाइको वातावरण मिलाउनेछ।

### स्वास्थ्य

३०.क्यान्सर लागेका,मुटुको शल्यक्रिया गर्नुपर्ने,मृगौलाको शल्यक्रिया वा डायलाइसिसका विरामी, प्यारालाइसिस जस्ता कडा रोग लागि उपचार गराउन आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्दै स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक गतिविधि समेत सञ्चालन गर्ने उद्देश्यले स्थापित **"नागरिक उपचार सहायता कोष"** बाट स्थानीय कानून बमोजिम उपचार सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

३१.**"स्वस्थ आमा, स्वस्थ बच्चा"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियान कार्यान्वयन गर्न गर्भवती भएको १३ हप्तादेखी सुत्केरी भएको ६ हप्तासम्मका सम्पूर्ण गर्भवती एवम् सुत्केरी महिलाहरुलाई सम्बन्धित स्वास्थ्य संस्था मार्फतनै **निःशुल्क क्याल्सियम चक्की वितरण**को व्यवस्था मिलाइनेछ। त्यसैगरी विवाह दर्ता गर्न आउने नव विवाहित दम्पत्तिबाट स्वस्थ्य बच्चा जन्माउने उद्देश्यका त्यस्ता दम्पत्तिको इच्छा अनुसार सम्बन्धित वडा कार्यालयबाट समेत **फोलिक एसिड वितरण** गर्ने व्यवस्था मिलाइनेछ।

३२.क्यान्सर, मृगौलाको डायलासिस, मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागि घरमै बसी औषधि सेवन गरिरहेका विरामी नागरिक एवम् ८० वर्षमाथिका नगरबासीहरुको स्वास्थ्योपचारमा महिनामा कम्तीमा एकपटक प्रत्येक टोल गई आधारभूत र प्राथमिक उपचारमा सहयोग पुर्याउन **"टोलमै स्वास्थ्यकर्मी"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि त्यस्ता विरामीहरुको तथ्यांक सम्बन्धित वडाको स्वास्थ्य संस्थामा संकलन गरी उक्त संस्थामा कार्यरत स्वास्थ्यकर्मी मार्फत् यो कार्यक्रम सञ्चालन गरिने र त्यसरी खटिएका स्वास्थ्यकर्मीलाई प्रोत्साहन उपलब्ध गराइनेछ।

३३.बसन्तपुर अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवालाई थप व्यवस्थित बनाउन एवम् सामुदायिक स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता समेत अभिवृद्धि गर्दै आम नगरबासीहरुलाई सशुल्क औषधि सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले बसन्तपुर अस्पतालबाट **फार्मेसी सेवा सहितको औषधि विक्री वितरण** गर्ने व्यवस्था मिलाइनेछ र आगामी आर्थिक वर्षदेखि दन्त उपचार सेवा (**Dental Service**) समेत विस्तार गरिनेछ। साथै आँखा र दन्त सेवालाई सबैको सहज पहुँच हुनेगरी नविनिर्मित मिनि मार्केटको भवनमा स्थानान्तरण गरिनेछ।

३४.नगरपालिका क्षेत्रभित्रका युवा, बालबालिका र अभिभावकहरुलाई लक्षित गरी टोल विकास संस्थाको अगुवाईमा सुर्तीजन्य/मदिराजन्य पदार्थको रोकथाम तथा नियन्त्रण, जुवातास र पत्रुखाना नियन्त्रण र **लागू औषध दुव्यर्सनसँग सम्बन्धित विषयमा सचेतनामूलक कार्यक्रम**हरु सञ्चालन गरिनेछ। आवश्यक कानून तर्जुमा गरी नगरपालिका क्षेत्रभित्र हुने मध्यपान तथा धुम्रपानलाई नियमन गरिनेछ।

## महिला, बालबालिका तथा समाज कल्याण

३५.प्रदेश सरकार र नगरपालिका लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन भइरहेकोमा सो कार्यक्रमलाई निरन्तरता दिइनेछ। उक्त कार्यक्रम मार्फत् **अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सशक्तिकरण र सामाजिकीकरणका क्षेत्रमा आवश्यक सहयोग** प्रदान गरिनेछ। यसका अतिरिक्त पहिचान भएका सबै अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्रका साथै राज्यले प्रदान गर्ने सामाजिक सुरक्षाका योजनाहरुमा पहुँच विस्तार गरिनेछ।

३६.नगरपालिका क्षेत्रभित्रका महिलाहरुलाई ढाका बुनाई, होम स्टे सञ्चालन तथा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्यममा आकर्षिक गर्न **लालीगुराँसका महिला, उद्यममा पहिला** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि नेपाल सरकारबाट प्राप्त लघु उद्यम विकास कार्यक्रमको रकम र नगरपालिकाबाट विनियोजन हुने रकम सोही अभियान कार्यान्वयनमा खर्चिने व्यवस्था मिलाइनेछ।

३७.नगरपालिका क्षेत्रका जेष्ठ नागरिकलाई सम्मान एवम् संरक्षणको आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

## खानेपानी र सरसफाई

३८.पानी नै जीवन हो। यो साश्वत् तथ्यलाई हृदयङ्गम गर्दै नगरपालिका क्षेत्रभित्रका पानीका मुहानहरुको संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी त्यस्ता स्थानमा **डोजर एवम कङ्क्रिट सामाग्रीहरुको प्रयोगमा पूर्णरुपमा बन्देज** लगाउँदै वृक्षारोपण अभियान सञ्चालनमा ल्याइनेछ।

३९.नगरपालिका क्षेत्रभित्रका सबै घरधुरीमा पिउनेपानीको उपलब्धता सुनिश्चित गर्न पानीका मुहानबाट प्रत्येक घरधुरीमा खानेपानीको पाइपलाइन विस्तार गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। बसन्तपुर बजार क्षेत्रको खानेपानी समस्या सम्बोधन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

४०.नगरपालिकाको बजार क्षेत्रभित्रबाट दिनहुँ निस्कने फोहोरको प्रत्येक घरधुरीबाटै व्यवस्थापन गर्न **"म फोहोरको वर्गीकरण गर्छु, हामी फोहोरको व्यवस्थापन गर्छौं"** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि फोहोर उत्पादन गर्ने घरधुरीले नै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी कुहिने फोहोरको व्यवस्थापन घरधनी स्वयंले र नकुहिने फोहोर मात्र नगरपालिकाबाट संकलन गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहोरलाई प्राङ्गारिक मलमा रुपान्तरण गर्नका लागि सरोकारवाला लक्षित सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ।

४१.बसन्तपुर नयाँ शहर आयोजना कार्यालयबाट वडा नं.१ स्थित साब्रामा निर्माण हुने चरणमा रहेको ल्याण्डफिल साइट निर्माणमा आवश्यक सहजीकरण गरिनेछ र चित्रे, लसुने एवम् अन्य उदीयमान बजार क्षेत्रको फोहर संकलन एवम् व्यवस्थापनलाई थप व्यवस्थित गरिनेछ।

## खेलकुद

४२.**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने नाराका साथ नगरपालिका क्षेत्रभित्र खेलिने भलिबल, फूटबल जस्ता विभिन्न विधाका खेलकूदलाई क्रमशः सम्बोधन गर्दै जाने ध्येयका साथ राष्ट्रपति रनिङ शिल्ड, **चो?लुङ कप** एवम् अन्य विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। विभिन्न विधाका खेलकूदमा नगरपालिकाको प्रतिनिधित्व गरी सहभागी हुने खेलाडीहरुलाई खेलकूद कार्यमा भाग लिन आवश्यक सहयोग उपलब्ध गराइनेछ।

४३.प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलकूदका माध्यमबाट पहिचान स्थापित गरी सकेका नगरपालिका क्षेत्रभित्रका विभिन्न विधाका **खेलाडीहरुलाई सम्मान** गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ।

४४.अन्य तहको साझेदारी समेतमा नगरक्षेत्रभित्रका मुख्य मुख्य खेल मैदान स्तरोन्नतीको कार्यलाई निरन्तरता दिइनेछ।

## पूर्वाधार विकास क्षेत्र

४५. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने सशर्त, समपूरक जस्ता पूर्वाधार निर्माणसँग सम्बन्धित पुँजीगत प्रकृतिका आयोजनामा नगरपालिकाको तर्फबाट समेत रकम साझेदारी गर्न समपूरक कोषको स्थापना गरिनेछ।

४६. प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय, तेह्रथुमबाट रु.१ करोड १० लाखमा बन्ने मुसाङखेल- सुङनाम जोड्ने लम्बुखोला मोटरेबल पुल लगायतका अन्य ६ वटा योजनाहरु यथाशीघ्र सम्पन्न गर्न आवश्यक सहजीकरण र समन्वय गरिनेछ।

४७. प्रदेश सरकार अन्तर्गत जलस्रोत तथा सिंचाई डिभिजन, तेह्रथुमबाट आगामी आर्थिक वर्षमा लालीगुराँस नगरक्षेत्रभित्र कार्यान्वयन हुने करिब ११ वटा सिचाई सम्बन्धी योजनाहरु जनअपेक्षा बमोजिम कार्यान्वयन गर्नका लागि नगरपालिकाको तर्फबाट आवश्यक पहल गरिनेछ।

४८. नयाँ शहर आयोजनाबाट निर्माण भैरहेको ल्याण्ड पुलिङ क्षेत्रमा झिँगटीको छाना, आरु/आल्चा/पैंयु/फलेदोको फूलबारी, मालिङ्गो/पर्याङ र गुराँसका गल्ली, चौतारा, हिटी जस्ता स्थानीय ऐतिहासिकता, परम्परा, वास्तुकला र रैथाने जनजीवन झल्कने किसिमको संरचना मात्र निर्माण हुने मापदण्ड बनाई लागू गरिनेछ । साथै लालीगुराँस नगरपालिकाको भूउपयोग योजना यथाशीघ्र लागु गरिनेछ।

४९. संघ सरकार अन्तर्गत बसन्तपुर नयाँ शहर आयोजनाबाट लालीगुराँस नगरपालिका क्षेत्रबाट आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने सडक पूर्वाधार लगायतका योजनाको सामयिक एवम् गुणस्तरीय कार्यको लागि आवश्यक समन्वय गरिनेछ।

५०. नगरपालिका क्षेत्रभित्रका सडक, पुल/पुलेसा, सार्वजनिक मठ/मन्दिर/चर्च/गुम्बा लगायतका अन्य सार्वजनिक एवम् सरकारी संरचनाहरुको आवश्यकता अनुसार मर्मतसम्भार गर्न **मर्मतसम्भार कोष**मा आवश्यक रकम विनियोजन गरिनेछ भने संघ सरकार अन्तर्गत सघन शहरी विकास कार्यालय पाँचथरसँग आवश्यक समन्वय गरी आउँदो आर्थिक वर्षको लागि विनियोजित रु. १ करोड भन्दा बढी बजेटबाट लालीगुराँस नगरपालिका भित्रका मुख्य मुख्य सडकहरुको मर्मत सम्भारको कार्य गरिनेछ।

५१. इन्धन संकटको कारण भएको मूल्यवृद्धिका कारण चालु आर्थिक वर्षमा पूरा हुन नसकेका अपरिहार्य योजनाको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

५२. नगरक्षेत्रभित्रका सडकहरुको विस्तृत विवरण तयार गरी वर्गीकरण एवम् नामाङ्कनको आवश्यक कार्य गरिनेछ।

५३. नगरपालिकाको आफ्नै स्रोतले निर्माण सम्पन्न भएका सडकहरुको भारवहन क्षमता विश्लेषण गर्दै विपद् एवम् वर्षातको समयमा त्यस्ता सडकमा हेभी सवारी साधनको आवागमनमा रोक लगाउने व्यवस्था मिलाइनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

५४. नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हुनसक्ने सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि **प्रकोप व्यवस्थापन कोष**मा उपयुक्त रकम विनियोजन गरिनेछ।

५५. स्थानीय प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसलाई मुख्य आधार मान्दै प्रकोप पिडित व्यक्ति/निकायहरुलाई प्रकोप व्यवस्थापन कोषबाट स्थानीय कानून बमोजिम **तत्काल् राहत** उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

५६. बहुप्रभाव र बहु सरोकारको रुपमा रहेको विपद व्यवस्थापन कार्यलाई प्रभावकारी तुल्याउनका लागि क्षेत्रगत विपद प्रतिकार्य योजना तर्जुमा गर्नुका साथै सुरक्षा निकाय एवम् अन्य सम्बद्ध संस्थाहरुको समन्वयमा नगर क्षेत्रभित्रका विद्यालयका विद्यार्थी, टोल विकास संस्था लगायत कर्मचारी एवम् जनप्रतिनिधिहरुलाई **प्रकोप व्यवस्थापनसँगसम्बन्धित आधारभूत तालिम** प्रदान गरिनेछ र त्यस्ता तालिम प्राप्त जनशक्तिलाई प्रकोपका समयमा उद्दारका लागि विशेष परिचालन गर्ने गरी सूचीकृत गरी राख्ने व्यवस्था समेत मिलाइनेछ।

५७. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा हुने सम्भावित भुक्षयको रोकथाम, पर्यावरण संरक्षण लगायत जलवायु परिवर्तनको संबोधन गर्नका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समुह, सरकारी/ गैर संघ/संस्थाहरुसँगको साझेदारीमा उपयुक्त स्थानहरुमा भुगोल सुहाउँदो बृक्षारोपणका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

५८. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सो कार्ययोजना बमोजिम वन पैदावर विक्री गरी प्राप्त हुने आम्दानीको

**दश प्रतिशत रकम** नगरपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भनी सङ्घीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख. मा भएको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। यसका साथै उक्त व्यवस्थाको प्रतिकूल हुने गरी आफ्नो कार्य गर्ने सामुदायिक वन उपभोक्ता समुहलाई कालोसूचीमा राखी त्यस्तो सामुदायिक वनलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने प्रकृयासम्म अघि बढाइनेछ।

## संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह

**५९.** नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने सेवा, उक्त सेवा प्राप्तिका लागि आवश्यक पर्ने कागजात, सेवा प्राप्तिको लागि लाग्ने समय र लागत, सेवा प्रवाहको जिम्मेवारी पाएका पदाधिकारी तथा कर्मचारीको विवरण जस्ता विषयमा आम लालीगुराँसबासी सेवाग्राहीलाई घर/घरबाटै सुसूचित गर्ने उद्देश्यका साथ **"घर/घरमा बडापत्र"** अभियानको सुरुआत गरिनेछ। यो अभियानको कार्यान्वयनका लागि उल्लिखित सम्पूर्ण विवरणहरु नगरपालिकाको नोटबुकमा छपाई गर्ने र, उक्त नोटबुक प्रत्येक घरधुरीमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

**६०.** आगामी आर्थिक वर्षदेखि नगरपालिकाबाटै भुमी प्रशासन तथा नापी सम्बन्धी सेवा प्रवाह सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ।

**६१.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको न्यायिक समितिको क्षेत्राधिकारभित्रका मुद्दाहरुलाई सकभर मेलमिलापको माध्यमबाट समाधान गर्ने उद्देश्यका साथ **"गरौं मिलाप, नगरौं विलाप"** अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि न्यायिक समिति मातहत रहने गरी प्रत्येक वडामा मेलमिलाप केन्द्रको गठन गरी त्यसमा आवद्ध पदाधिकारी, कर्मचारी लगायत सरोकारवालाको क्षमता अभिवृद्धि हुने किसिमका क्षमतामूलक तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

**६२.** नगरपालिका क्षेत्रभित्र क्रियाशील सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ। नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश नगराई कार्यक्रम सञ्चालन गराउन खोज्ने सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको कार्यक्रम सञ्चालनमा रोकसम्म लगाउन सकिने गरीको व्यवस्था अख्तियार गरिनेछ।

**६३.** लिम्बु समुदायको सभ्यता र संस्कृति झल्किने गरी स्थापना भएको चो?लुङ पार्कमा सो समुदायको रीति/रिवाज र संस्कार समेत उजागर गर्ने गरी **चुम्लुङ विधिमा सार्वजनिक सुनुवाई** कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाइनेछ।

**६४.** स्थानीयस्तरमा क्रियाशील सञ्चारकर्मी एवम् सञ्चारमाध्यमहरुको प्रवर्द्धन गर्ने किसिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ। यसका लागि नगरपालिका क्षेत्रभित्रका समस्या, अवसर, चुनौती लगायतका यावत् विषयमा निरन्तर खोजमूलक पत्रकारिता गर्ने स्थानीय सञ्चारकर्मीहरुको पहिचान गर्दै प्रत्येक वर्ष एकजना **सञ्चारकर्मीलाई पुरस्कृत गर्ने** व्यवस्था अख्तियार गरिनेछ।

**६५.** नगरपालिका क्षेत्रभित्रका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी एवम् शिक्षकहरुमध्येबाट वर्षभरिमा उत्कृष्ट र रचनात्मक कार्यसम्पादन गर्ने **एकजना सर्वोत्कृष्ट र अन्य दुईजना उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत** गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ।

**६६.** नगरपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या समाधानका लागि चालिएको कदमलाई छिटो भन्दा छिटो सम्पन्न गर्नका लागि जग्गा नापजाँच कार्यमा थप प्राविधिक जनशक्तिको व्यवस्था गर्दै त्यस्ता जनशक्तिलाई आधूनिक औजार/उपकरण सहित कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाका दिनमा समेत परिचालित गरिनेछ।

६७.नगरपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकासमा बढीभन्दा बढी स्थानीयबासीको सहभागिता सुनिश्चित गराउँदैं विकासप्रति अपनत्वको भाव जगाउने सोचका साथ प्रत्येक वडामा समावेशिता समेतलाई प्रवर्द्धन गर्दैं टोल विकास संस्था गठन गरिएकोमा ती टोल विकास संस्थालाई स्थानीय कानून बमोजिम परिचालन गरिनेछ। वर्षभरीमा सबैभन्दा उत्कृष्ट कार्यसम्पादन गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्दैं सबै टोल विकास संस्थामा आवद्ध पदाधिकारीहरुलाई नगरपालिकाको नीति तथा कार्यक्रम, स्थानीय कानून लगायत अन्य सामयिक विषयवस्तुमा सचेतनामूलक तालिम कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

६८.गत/विगत आर्थिक वर्षहरुमा महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने लगायतका बेरुजु फछ्र्यौट गर्ने प्रकृया अघि बढाइनेछ। वित्तीय सुशासनको मुख्य सूचक शुन्य बेरुजु रहेको तथ्यलाई स्वीकार गर्दैं सम्वद्ध पक्षलाई सुचित गरिने र तोकिएको समयावधीमा **बेरुजु फछ्र्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने** सम्मको व्यवस्था मिलाइनेछ।

६९.नगरपालिका, वडा, स्वास्थ्य संस्था एवम् चोलुङमामा कार्यरत कर्मचारीलाई सार्वजनिक खरिद, भाषिक शुद्धता, कार्यसम्पादनका विधिवत चरण एवम् उत्प्रेणा लगायतका विषयहरुमा तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

७०.नगर पालिका स्थापनादेखि हालसम्म हासिल भएका विषयक्षेत्रगत प्रगतिको प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ।

७१.आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा नगरपालिकाबाट जारी भएका ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिलाई संग्रहित गरी कानून संग्रह प्रकाशन गरिने र नगरपालिकाको वेभसाइटमा रहेको राजपत्र महलबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

## "संस्कृति र प्रकृति, हाम्रो सम्पत्ति"

"फेरि फेरि हेर्न जाउँ, लालीगुराँस फुलेको ठाउँ"

## लालीगुराँस नगरपालिका क्षेत्रभित्रका महत्वपूर्ण पर्यटकीय स्थलहरु



७ नं. वडा, लसुने स्थित पात्ले पोखरी



१ नं. वडा, तीनजुरे, घुर्मिसे स्थित पाथीभरा देवीको मन्दिर



RR गार्डेन



लसुने स्थित धनरुपा पार्क



गुराँसको राजधानी तीनजुरे क्षेत्र

Email : laliguransnagarpalika@gmail.com
Website : www.laliguransmun.gov.np